# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।१२।२७ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

---

जिल्ला सर्लाही वरहथवा नगरपालिका वडा नं. १३ विनमाटोलभित्र रहेको ३७४ मिटर लम्बाई र १२ फिट चौडाइ भएको वाटो ढलान गर्नको लागि रू.२७ लाख रकम निकासा भएकोमा उपभोक्ता समितिका अध्यक्ष नेपाल साहसहित नगरपालिकाको प्राविधिकहरूसँग मिलेमतो गरी रकम हिनामिना गर्ने उद्देश्यले मापदण्डविपरीत ८ फिट र १० फिट कमसल निर्माण सामग्री प्रयोग गरी ढलान गरिरहेको भन्ने समेत व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा सडक ढलान निर्माण कार्यमा वास्तविक भएको भन्दा बढी काम भएको देखाई आकार परिवर्तन गरी थप आकार परिवर्तनको झुट्टा विल भरपाई बनाई भुक्तानी लिने/दिने कार्य गरी गैरकानूनी लाभ पुऱ्याउने बदनियतले नेपाल सरकारसमक्ष गरेको कबुलियत, सम्झौताबमोजिमको शर्त पालना नगरी नेपाल सरकारले निर्धारित गरेको नियम, कार्यविधि शर्त उल्लङ्घन हुने गरी कानूनद्वारा निषेधित कार्य गरी आफूलाई गैरकानूनी लाभ पुऱ्याएको र नेपाल सरकारलाई गैरकानूनी हानी पुऱ्याउने कार्य गरी सरकारी सम्पत्तिको बदनियतसाथ हिनामिना, हानिनोक्सानी गरेको स-प्रमाण पुष्टि हुन आएको हुँदा उक्त कार्यमा संलग्न देहाय बमोजिमका व्यक्तिहरू उपर देहाय बमोजिमको सजायको मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.नं. | नामथर | दर्जा | कार्यालय | विगो | सजाय मागदावी |
|---|---|---|---|---|---|
| १. | संजीव यादव | प्राविधिक इन्जिनियर | वरहथवा नगरपालिका वडा नं. १३, सर्लाही | रू.४,६३,९९०.६२।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) कसुरमा विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय |
| २. | अनिल कुमार यादव | प्राविधिक सव-इन्जिनियर | " | रू.४,६३,९९०.६२।- | " |
| ३. | नेपाल साह | उपभोक्ता समितिका अध्यक्ष | " | रू.४,६३,९९०.६२।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुरमा विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय |
| ४. | प्रमोद कुमार राय | उपभोक्ता समितिका सचिव | " | रू.४,६३,९९०.६२।- | " |
| ५. | कलापती कुमारी देवी | कोषाध्यक्ष | " | रू.४,६३,९९०.६२।- | " |

(प्रदीपकुमार कोइराला)
प्रवक्ता